ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक २६९
१७ जेठ २०८० आइतबार
2 Jul. 2023, Sunday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

# धनुषाका एसपी र डिएसपीविरुद्ध किटानी जाहेरी





**खबर दर्पण समाचारदाता**

**असार १६ गते, जनकपुर**

धनुषाका एसपी र डिएसपीविरुद्ध किटानी जाहेरी परेको छ । सिंगो परिवारका सदस्यलाई बयानका लागि बोलाएर प्रहरी कार्यालयमा कुटपिट तथा यातना दिएको भन्दै धनुषाको नगराइन नगरपालिका-८ खिरखिरिया २० वर्षीया मनिषा साहले हुलाकबाट जाहेरी पठाएकी हुन् ।

गत जेठ ७ गते रहस्यमय मृत्यु भएकी जनकपुरधाम उपमहानगर पालिका-९ थापाचोक बस्ने २२ वर्षीया आरती साहकी बहिनी हुन् । नगराइनका विनोद प्रसाद साहकी छोरी मनिषाले धनुषाका एसपी विश्वराज खड्का, डिएसपी वेदप्रसाद गौतम, सई जयप्रकाश साहसहितका प्रहरीविरुद्ध जिल्ला हुलाक कार्यालय धनुषाबाट जिल्ला सरकारी वकिलको कार्यालयमा किटानी जाहेरी पठाएकी हुन् ।

त्यसअघि पीडित परिवार जाहेरी दर्ता गराउन जिल्ला प्रहरी कार्यालय पुगेका थिए । त्यहाँ एसपी खड्काले प्रहरीमाथि कुटपिट र अन्याय गरी उल्टै आफूहरुलाई थप पीडा पुर्याएकाले हुँदै नभएको घटनको जाहेरी नलिने प्रतिक्रिया दिएका थिए । त्यसपछि आरतीका परिवार सरकारी वकिलको कार्यालय पुगेका थिए । त्यहाँ समेत जाहेरी नलिएपछि मनिषाले हुलाकबाट पठाएकी छन् ।

उनीहरुलाई एड्भोकेसी फोरम नेपालबाट अधिवक्ता कुमार प्रसाद थपलिया र सूचना अधिकृत विन्देश दाहालले सहयोग गर्न पुगेका थिए । मनिषासँगै उनका भाइ प्रेम, हजुर बुबा रामअशिष साहसहित गएका थिए । बयानका लागि बोलाएर प्रहरी कार्यालयमा आफ्नो परिवार का सदस्यमाथि दिएको चरम यातनामा संलग्न प्रहरीलाई कार बाहीको माग जाहेरीमा गरिएको छ ।

आरती मृत्यु प्रकरणको मिसिल सरकारी वकिल कार्यालयबाट जिल्ला प्रहरी कार्यालयमा थप बयानको लागि फर्काएपछि जेठ ३२ गते माइत पक्षका सदस्यलाई बोलाएका थिए ।

जाहेरीमा उल्लेख व्यहोरामा दिउँसो १२ बजे पुग्दा प्रहरीले सुरुमा आमा निर्मलाको बयान लिएका थिए । दिएको बयान र प्रहरीको लिखतमा फरक परेको भन्दै हस्ताक्षर गर्न नमान्दा प्रहरीले कुटपिट तथा यातना दिनुका साथै दिउँसो ३ बजेदेखि राति १० बजेसम्म थुनामा राखेको जाहेरीमा उल्लेख छ । बयानका लागि आमा निर्मला, बुबा विनोद, बहिनी मनिषा, भाई प्रेम र मामा सन्तोष प्रहरीमा पुगेका थिए । प्रहरीले लेखेको बयानमा पाँचैजनालाई जवरजस्ती सही छाप गर्न कर गरेको र नमान्दा डिएसपी गौतमसहितका प्रहरी कर्मचारीले कुटपिटसहित थुनेर शारिरीक तथा मानसिक यातना दिएको उल्लेख छ ।

दिदिको मृत्युपश्चात् विभिन्न निकायमा उजुरी जाहेरी किन दिएको, बयानमा किन हस्ताक्षर नगरेको भन्दै डिएसपी गौतमले हातले आफ्नो घाँटी न्याकेर उचारी भूँइमा बजारेको, लछार पछार गरेको, देब्रे कन्चटमा झापडले र लात्तीबुटले तल्लो पेटमा हिर्काएको, गम्भीर चोटको कारण रक्तश्राव भएको, देब्रे कान नसुन्ने गरेको जाहेरीमा मनिषाले उल्लेख गरेकी छन् । जसको त्यसै राति प्रादेशिक अस्पताल जनकपुर मा गराएको उपचारको घाउजाँच फारम, निलडामको तस्वीर पनि जाहेरमा संलग्न गरिएको छ ।

एकजना कार्की थर भएका प्रहरी इन्सपेक्टर, सई जयप्रकाश ठाकुर, नाम थाहा नभएका दुईजना महिला प्रहरी र अन्य प्रहरीहरुले आफूलाई रक्तश्राव भइरहँदा कपाल समातेर घसारेको, झापडले हिर्काउने क्रम जारी राखेको, आफ्ना भाइ प्रेमलाई बुट र बन्दुकको कुनाले हिर्काउँदा अवस्था सिकिस्त भएर बान्ता गरेको, जुता निकालेर फोहोर मोजा सुँघाइएको, आमाको नाक कानमा लगाएको गहना दुईजना प्रहरीले अमानवीय ढंगले थुतेर थुनुवा कक्षमा लगेको, बुबा र मामालाई जथाभावी लातबुट र झपडले हानी थुनामा राखेर चरम यातना तथा अमानवीय व्यबहार गरेको जाहेरीमा उल्लेख छ ।

त्यस्तै राति साढे ९ बजे एसपी खड्काले आमा बुबासहित सबैलाई थुनाबाट निकालेर पार्किङ स्थलमा लगेर आरतीको विषयमा विभिन्न संस्थामा किन उजुरी दिएको भन्दै गालीगलौज गरेको उल्लेख छ । कुटपिट तथा यातनाको विषयमा कतै उजुरबाजुर गरे ज्यानमार्ने धम्की दिँदै एसपी खड्काले आईन्दा आफ्नो खुट्टा आमाबुबालाई ढोग्न लगाएको, त्यस क्रममा आमाबुबा भक्कानिएर पीडाले रोएको जाहेरीमा दावी गरिएको छ ।

आफ्नो परिवारको सदस्यको शंकास्पद मृत्यु हुँदा सत्य जान्न खोज्नु, अनुसन्धानका लागि राज्यका सरोकारवाला अंग तथा संस्थाहरू

*बाँकी पृष्ठ ४ मा*

# रौतहटमा आमा छोरी मृत फेला, घटनापछि श्रीमान र ससुरा फरार



**रौतहट** / रौतहटको मौलापुरमा गत शुक्रबार आमा छोरीको हत्या भएको सम्बन्धमा रौतहट प्रहरीले अनुसन्धान गरिरहेको छ ।

मौलापुर नगरपालिका-४ पतौरा गाउँकी २४ वर्षीया कविता देवी र उनकी दुई वर्षीया छोरी आरुही शुक्रबार राति घरमै मृतावस्थामा शव फेला परेका थिए ।

आरुहीको शव पङ्खामा झुन्डिएको तथा कविताको शव घरबाट बाहिरिने सिँढीमुनि फेला परेको प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक उमाशङ्कर प्रसाद यादवले बताए । उनका अनुसार मृतक कविताका श्रीमान धिरेन्द्र साह र ससुरा नागेन्द्र साह घटनापछि फरार छन् । कविताकी सासू र जेठानीलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको छ ।

कविताको माइती पक्षले दाइजोको निहुँमा उनको हत्या गरिएको आरोप लगाएको छ । उनको माइतीघर माधवनारायण नगरपालिका-५ मिठुअवा गाउँ हो ।

कविताका बुबा विजयशङ्कर साहले घटना थाहा पाउनसाथ आफू छोरीको घर गएको तर आफूले छोरी र नातिनीको शव हेर्नसमेत धेरै बेरपछि पाएको बताए । उनका अनुसार छोरी र ज्वाइँबीच पटक पटक विवाद हुने गरेको थियो । प्रहरीले घटनाको अनुसन्धान गरिरहेको जनाएको छ ।

# लागूऔषधसहित तीनजना पक्राउ

**सिरहा**/ सिरहा प्रहरीले खैरो हिरोईन जस्तो देखिने लागूऔषधसहित तीनजनालाई पक्राउ गरेको छ ।

सिरहा नगरपालिका-७ ट्राफिक चोकस्थित स. १० प. ६१७७ नम्बरको मोटरसाइकलमा सवार तीनजना पक्राउ परेका हुन् ।

पक्राउ पर्नेमा सिरहा नगरपालिका-२० बस्ने १९ वर्षीय सत्यनारायण कारक, वडा नम्बर-८ बस्ने २० वर्षीय विवेक ठाकुर र १९ वर्षीय मनिष यादव रहेको प्रहरीले जनाएको छ ।

उनीहरुको साथबाट खैरो हिरोईन जस्तो देखिने लागूऔषध ६२.२१ ग्राम र तौल गर्ने डिजिटल मेसिन समेत बरामद भएको प्रहरीले जनाएको छ ।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।
**सोनमा गाउँपालिका कार्यालय**
महोत्तरी

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**
**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३टीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# दलित समुदायका बालबालिका शिक्षा पहुँचभन्दा बाहिरै

सामाजिक न्यायमा आधारित समाजको महत्वपूर्ण आधार शिक्षा हो। समाजको पिँधमा बाँचिरहेका दलित समुदायको शिक्षामा पहुँचभन्दा बाहिरै छन्। राणाकालीन समयमा दलित समुदाय शिक्षा हासिल गर्न वञ्चित गरिएको थियो। नेपालमा २००७ सालअघिसम्म दलित समुदायको शिक्षाको मूलढोका बन्द नै थियो। २००७ सालको प्रजातान्त्रिक आन्दोलन पछिमात्र दलितका लागि शिक्षाको ढोका खुल्यो। तर, शिक्षाको त्यो ढोकाबाट प्रवेश गरी अध्ययन गर्ने कार्य दलित समुदायलाई निकै सास्ती भोग्नुपर्‍यो। संविधानमा दलित समुदायलाई निःशुल्क शिक्षासम्बन्धी हकको व्यवस्था गरियो। तर पनि शिक्षा हासिल गर्न नपाएर उनीहरू अझै विद्यालय शिक्षाबाट बाहिरै छन्।

आर्थिक तथा जातीयताकै कारण विद्यालय तहकै शिक्षाबाट दलित समुदायका अधिकांश बालबालिका वञ्चित छन्। र ाजधानी काठमाडौंसँगै जोडिएको धादिङको ज्वालामुखी गाउँपालिका-७ चैनपुरस्थित सालबास माध्यमिक विद्यालयको कक्षा १२ मा अध्ययनरत १९ वर्षीय जितबहादुर बयलकोटीले परीक्षा शुल्क तिर्न नसक्दा ज्यान गुमाउन बाध्य हुन पर्‍यो। तनहुँको व्यास-३ का महर्षि वेदव्यास संस्कृत माध्यमिक विद्यालयमा सञ्चालित गुरुकुल आश्रममा बसेर कर्मकाण्ड अध्ययन गर्नबाट दलित विद्यार्थीलाई वञ्चित गरियो।गरिबीका कारण सयौं दलितले विद्यालय शिक्षाबाट बाहिरिरहेका छन्। कतिपयले अरूका घरमा श्रम गरेका छन्, कतिपय भारतमा काम गर्न बाध्य छन्। कतिपयले बयलकोटीले झैं ज्यान गुमाएका घटनाहरू प्रशस्तै भेटिन्छन्। बर्दिया नगरपालिकाबाट कर्मकाण्ड पढाउन ल्याइएका चार दलित बालकलाई शंखमूलस्थित जगद्गुरु आदर्श संस्कृत विद्यालयमा जातकै कारण पढ्न अनुमति पाएनन्। सरकार ले संस्कृत अध्ययनमा दलित समुदायलाई प्रोत्साहन गर को छ। तर, संस्कृत तथा कर्मकाण्ड अध्ययन गराउने शिक्षालयले दलित विद्यार्थीलाई यो अवसरमा पटकपटक नै वर्जित गरिएको घटना चर्चामा छन्, दिगो समाधानको बाटोमा छैन।विद्यार्थीले आश्रममै बसेर अध्ययन गर्न खोजिर हेको बेला सहयोग गर्नूपर्नेमा जातकै प्रश्न तेर्स्याइन्छ। विद्यालयमा जातीय भेदभाव झल्किने व्यवहार गर्नु कदापि शिक्षित र सचेत व्यक्तिको व्यवहार होइन। त्यो नेपालको संविधानको पालना नगर्ने व्यक्तिहरूको कब्जामा गुरुकुल शिक्षा रहेसम्म दलित समुदायको कर्मकाण्ड शिक्षामा प्रवेश पाउनु महाभारत चढ्नुजस्तै हो। डीओई सन् २०१२ का अनुसार दलित समुदायका विद्यालय अध्ययन गर्ने उमेर समूहका ३० प्रतिशत बालबालिका विद्यालयबाहिरै छन्।

# आर्थिक सुशासनमा महालेखा

वामदेव शर्मा अधिकारी

लेखा परीक्षणको माध्यमबाट मुलुकमा वित्तीय अनुशासन कायम गर्न तथा सरकारी आम्दानी, खर्च र आर्थिक क्रियाकलाप चुस्त दुरुस्त राख्न महालेखा परीक्षकको कार्यालय स्थापना गरिएको हो। मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतका आधारमा लेखापरीक्षण गर्न तत्कालीन नेपाल अधिराज्यको संविधान, २०१५ बमोजिम २०१६ साल असार १५ गते नेपालका प्रथम महालेखा परीक्षकको नियुक्तिसँगै यस कार्यालयको स्थापना भएको हो। सार्वजनिक निकायको सेवा प्रवाह, आर्थिक क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता प्रवर्धन तथा असल अभ्यासको अवलम्बनमा महत्वपूर्ण भूमिका खेलेको यो कार्यालय आज आफ्नो स्थापनाको ६४ औं वर्ष पूरा गरी ६५ औं वर्षमा प्रवेश गरेको छ।

नेपालको संविधानको धारा २४० बमोजिम राष्ट्रपतिबाट महालेखा परीक्षकको नियुक्ति हुने व्यवस्था छ। धारा २४१ अनुसार सबै सङ्घीय, प्रदेश सरकारी कार्यालय र स्थानीय तहको लेखापरीक्षण गर्ने, पचास प्रतिशतभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्तिमा पर ामर्श र आवश्यक निर्देशन दिने काम पनि महालेखा परीक्षकको कार्यालयबाट हुने गरेको छ। लेखापरीक्षणको शिलशिलाका लेखासँग सम्बन्धित कागजपत्र जुनसुकै बखत हेर्न पाउने र त्यस्तो कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुन्छ। तोकिएका कार्यालयबाहेक अतिरिक्त अन्य कुनै कार्यालय वा संस्थाको महालेखा परीक्षकबाट लेखापरीक्षण गर्नुपर्ने गरी सङ्घीय कानुनबमोजिम व्यवस्था गर्न सकिने, लेखापरीक्षण गरिने लेखा सङ्घीय कानुनबमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा राखिने, आफूले गरेको कामको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्ने व्यवस्था रहेको छ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार महालेखा परीक्षकले ती निकायको लेखापरीक्षण एक-एक गरी वा बिच-बिचमा छड्के गरी वा केही प्रतिशत मात्र गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र पद्धति तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहित तयार पारिएको वार्षिक प्रतिवेदन संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेस गर्ने व्यवस्था छ। जवाफदेहिता, पार दर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय संस्थाको दूरदृष्टि, र ाष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने गन्तव्य र निष्ठा, स्वतन्त्रता, व्यावसायिकता, पारदर्शिता र जवाफदेहितासहितको मूल्य मान्यता राखेको छ।

लेखापरीक्षणको माध्यमबाट मुलुकी सुशासनमा सघाउ पु-याउन सार्वजनिक निकायका काम कार बाहीको विवेचना, विश्लेषण, टिप्पणी र आलोचनाको माध्यमले परीक्षण गर्दै आएको छ। कार्यालयले आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न गरी तयार गरेको वार्षिक प्रतिवेदन महालेखा परीक्षकबाट २०७९ चैत ३० गते नेपालको संविधानको धारा २९४ अनुसार सम्माननीय राष्ट्रपतिसमक्ष पेस भएको वार्षिक प्रतिवेदनमा समावेश भएका छ हजार ५४६ निकायको रु.७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षण सम्पन्न हुँदा रु. एक खर्ब १९ अर्ब ७८ करोड बेरुजु कायम भएको र आर्थिक वर्ष २०७८/७९ सम्मको अद्यावधिक बेरुजु रु. पाँच खर्ब ८७ अर्ब ३३ करोड पुगेकाले मुलुकमा आर्थिक सुशासन कायम गर्ने कार्यमा चुनौती थपिएको छ। सरकारले डिजिटल नेपाल फ्रेमवर्कमार्फत सरकारी सेवालाई डिजिटाइजेसन गरी विद्युतीय माध्यमबाट सार्वजनिक सेवा प्रवाह गर्ने उद्देश्य अनुसार सूचना प्रविधिको अवलम्बन गरेको छ। यस कार्यालयले पनि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागु गरी प्रविधिमैत्री लेखापरीक्षणको सुरुवात गरेको छ। यसबाट सार्वजनिक आर्थिक क्रियाकलापमा बढ्दो अनियमिततालाई न्यूनीकरण गर्न सहजीकरण हुने अपेक्षा गरिएको छ।

लेखापरीक्षणको माध्यमबाट सार्वजनिक क्षेत्रमा आर्थिक सुशासन कायम गर्न नीति, कानुन तथा कार्यक्रम तर्जुमा वा संशोधन गरी कार्यान्वयन गर्नुपर्ने, सरकार परि वर्तनसँगै नीति तथा कार्यक्रमको प्राथमिकतामा समेत फरक भई कार्यान्वयनमा समस्या आएकाले नीतिगत स्थिरता हुनुपर्ने, विकास निर्माण, सेवा प्रवाह तथा अन्य कार्यक्रम सञ्चालनमा सबै पक्षको सहभागिता हुने वातावरण सिर्जना गर्नुपर्ने, प्राकृतिक स्रोतको उपयोग गर्दा लाभको वितरण समन्यायिक, सन्तुलित र पारदर्शी रूपमा प्रयोग गर्नुपर्ने, प्रदेश र स्थानीय तहमा हस्तान्तरित भएका स्रोतगत कार्यक्रमको प्रगति प्रतिवेदन र अनुगमन गर्नुपर्ने, सरकारको कार्यसम्पादनलाई व्यवस्थित बनाउनुपर्ने, छरितो सङ्गठन र स्रोत साधनको यथोचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ। आवधिक योजना र वार्षिक बजेटबिचको तादाम्यता कायम गर्न मध्यमकालीन खर्च संर चनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, कार्यहरूमा दोहोरोपना हुन नदिन स्पष्ट कार्यक्षेत्र विभाजन गरी कार्यसम्पादन गर्नुपर्ने, अनुत्पादक एवं वितरणमुखी टुक्रे आयोजना/कार्यक्रम छनोट गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु जरुरी देखिएको छ।

त्यसै गरी वातावरणमैत्री कृषि कार्यक्रमको विकास गरी सीमित रहेको कृषियोग्य भूमिको व्यावसायिक उत्पादनमा जोड दिई अर्गानिक कृषि प्रणालीको विकासबाट ग्रामीण पर्यटनलाई पर्यापर्यटनसँग आबद्ध गर्नुपर्ने देखिएको छ।

राष्ट्रिय हित सुनिश्चित गरेर मात्र प्रत्यक्ष वैदेशिक लगानी तथा वैदेशिक पुँजी र प्रविधि भित्र्याउने व्यवस्था गरी राष्ट्रिय उद्योगधन्दाको विकासमा प्राथमिकता दिनुपर्ने देखिन्छ। सामाजिक, आर्थिक रूपान्तरणमा सकारात्मक योगदान गर्ने, लगानीमैत्री राजस्व नीतिको अवलम्बन गर्दै अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानी, श्रम, सिप र कच्चा पदार्थमा आधारित राष्ट्रिय उद्योग धन्दाको सञ्चालनबाट व्यापार घाटालाई वाञ्छित सीमाभित्र राख्ने गरी वित्तीय तथा मौद्रिक नीति लागु गर्नुपर्ने देखिएको छ। बजेट तर्जुमा पूर्व नै कार्यक्रम निर्दिष्ट गरी सोही अनुसार बजेट विनियोजन, अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याई राजस्व परि चालनमा दक्षता अभिवृद्धि, सूचना प्रविधिसम्बन्धी सफ्टवेयर निर्माण गरी निर्यात गर्ने व्यवसायलाई प्रोत्साहन गरी करको दायरामा ल्याउने, सूक्ष्म निगरानी एवं सुविधाको व्यवस्था गर्नुपर्ने, राजस्व छुट दिएको कारणले वस्तु तथा सेवाको उत्पादन, रोजगारी एवं लगानीमा अभिवृद्धि र नागरिकमा पुगेको सहुलियतलगायत पक्षको विश्लेषण गर्नुपर्ने देखिएको छ।

वैदेशिक सहायता रकमबाट पुँजी निर्माण नहुने प्रकृतिका वितरणमुखी क्रियाकलापमा र आयोजनागत ऋण पनि अन्यत्र खर्च गर्ने प्रवृत्ति र अनुत्पादक क्षेत्रमा ऋणको प्रयोगलाई निरुत्साहित गरी विकास सहायताको प्रभावकारी व्यवस्थापन गर्न जरुरी भएको छ। सार्वजनिक कोषको बचतलाई स्रोतका रूपमा परिचालन गर्ने, सार्वजनिक खर्चको कुशलतापूर्वक व्यवस्थापन गर्न चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्ने, औचित्य बेगरका कोष, परि षद्, आयोग, बोर्डलगायत संस्था खारेज एवं गाभ्ने, आर्थिक सहायता वितरणमा वस्तुनिष्ठ मापदण्ड बनाउनु आवश्यक छ।

लेखक उपमहालेखापरीक्षक हुनुहुन्छ। *गोरखापत्रबाट*

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिबास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# दिनभरि सीआईबीमा, राति बास बस्न अस्पताल पुग्छन् बालुवाटार काण्डका आरोपित



**उजिर कार्की**

**असार १६ गते, काठमाडौं**
बालुवाटारस्थित सरकारी जग्गा हिनामिनाको आरोपमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले मंगलबार सात जनालाई पक्राउ गऱ्यो। तीमध्ये तीन जनालाई त्यसै साँझ छाड्नु पर्यो। बाँकी तीन जनालाई पनि हिरासतमा राखिएन, अस्पताल भर्ना गरियो।

मंगलबारदेखि नै सीआईबीको हिरासतमा चन्द्रागिरि नगरपालिका ३ थानकोटका ६० वर्षीय गोपाल कार्की मात्रै छन्।

खोटाङ घर भई हाल काठमाडौं महानगरपालिका ५ बस्ने ६९ वर्षीय मीनबहादुर गुरूङ, काठमाडौं महानगरपालिका ७ रातोपुलका ८० वर्षीय धर्मप्रसाद गौतम र काठमाडौं महानगरपालिका ४ धुम्बाराहीका ६५ वर्षीय सुधप्र शाह भने त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा छन्।

प्रहरीले उनीहरुलाई पक्राउ गरेर स्वास्थ्य परीक्षणका लागि लग्यो। चिरायु अस्पतालले उनीहरुमा स्वास्थ्य समस्या देखायो। त्यसैरात त्रिवि शिक्षण अस्पतालमा भर्ना गरिएको हो।

भोलिपल्ट बुधबार म्याद थपका लागि अदालत लैजानु थियो। अदालत लैजानु अघिसम्म पनि यी तीन जना भने अस्पतालमै थिए। तीनै जनाको हातमा क्यानुला थियो। सलाइन र औषधि चढाइएको थियो। म्याद थपका लागि जिल्ला अदालतमा उपस्थित गराउँदा पनि यी तीन जनाका वकिलले स्वास्थ्य समस्याबारे कुरा उठाएका थिए।

'उहाँहरु वृद्ध हुनुहुन्छ, फरार हुने सम्भावना छैन, थुनाबाहिरै राखेर अनुसन्धान गरियोस्,' वकिलले भनेका थिए।

तर न्यायाधीशले उनीहरुलाई पहिलो पटक सात दिन थुनामा राख्न अनुमति दिए। प्रहरीले हिरासतमा राख्न अनुमति पाएर फर्काए पनि बेलुका अस्पताल नै पुऱ्यायो।

सीआईबीका एसएसपी दिनेश आचार्यले भने, 'उहाँहरु अस्पतालमा भए पनि हाम्रो नियन्त्रणमै हुनुहुन्छ। त्यहाँ पनि हिरासतजस्तै हो। के गर्ने हामीले उहाँहरुको स्वास्थ्यको ख्याल पनि गर्न पऱ्यो, कानुनी दायरामा ल्याउनु पनि पर्यो।'

८० वर्षीय गौतमलाई पक्राउ पर्नुअघि पनि घरमै अक्सिजन दिएर राखिएको थियो। उनलाई नियमितजस्तो अक्सिजन दिएर राख्नु पर्छ। मुटु, दम लगायतका रोग लागेका उनलाई अहिले पनि अक्सिजन दिएर राखिएको छ।

६५ वर्षीय सुधीरकुमार शाहको प्रोस्टेटको अप्रेसन गरिएको थियो। अन्य समस्या पनि छन्। मीनबहादुर गुरुङको पनि प्रेसर बढेको छ। त्यही भएर उनीहरुलाई अस्पतालमै राखिएको छ।

एसएसपी आचार्यले भने, 'दिउँसो सीआईबीमा ल्याउँछौं, रात परेपछि अस्पताल लैजान्छौं। अस्पतालसँग समन्वय गर्छौं, उहाँहरुको स्वास्थ्य समस्याको बारेमा, अस्पताल राख्नै पर्ने अवस्था हो कि होइन भनेर।'

अस्पतालमा राखिएका तीनै जनाले रिहा गर्न माग गर्दै सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट पनि दायर गरेका छन्। जिल्ला अदालत काठमाडौंले थुनामा पठाउन अनुमति दिएकै दिन उनीहरुले सर्वोच्चमा रिट दायर गरेका थिए।

सर्वोच्चका न्यायाधीश कुमार चुडालको इजलासमा उक्त रिटमा शुक्रबार सुनुवाइ भयो। सर्वोच्चले सरकारसँग उनीहरुलाई थुनामा राख्नुको कारणसहित २४ घण्टाभित्रमा लिखित जवाफ पेस गर्न भनेको छ। आइतबारसम्ममा अब सरकारले सर्वोच्चमा जवाफ दिनु पर्नेछ। त्यसपछि उनीहरुलाई हिरासतमा राख्ने कि छाड्ने भन्ने सर्वोच्चबाट आदेश आउने छ। सर्वोच्च अदालतका न्यायाधीश ईश्वरप्रसाद खतिवडाले गत साउनमा यो मुद्दामा हदम्याद लाग्ने भन्दै आदेश गरेका छन्।

खतिवडाको आदेशकै कारण बालुवाटार जग्गा प्रकरणका १७ जनालाई प्रहरीले पक्राउ गर्न पाउने छैन। यिनै मध्येका ३ जना कलाधर देउजा, सुरेन्द्रमान कपाली र भुपेन्द्रमणि केसीलाई अदालतबाट पक्राउ नगर्न अन्तरिम आदेश लिएको पाइएपछि उनीहरूलाई पक्राउ गरेकै दिन छाडिएको छ।

बालुवाटार जग्गा प्रकरणमा सीआईबीले ४०६ जनाविरुद्ध पक्राउ अनुमति लिएको छ। उनीहरुले बालुवाटारस्थित सरकारी जग्गा किर्ते गरेर व्यक्तिका नाममा ल्याएको आरोप छ। यसअघि यही जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको कसुरमा मुद्दा दायर गरेको थियो। विशेष अदालतमा अहिले पनि यो मुद्दा विचाराधीन छ। विशेष अदालतबाट धरौटीमा छुटेकासहित थप व्यक्तिलाई सीआईबीले ठगी र किर्तेको कसुरमा मुद्दा चलाउने तयारी गरेको हो। डेढ वर्षअघि नै सीआईबीले अनुसन्धान गरेर फाइल सरकारी वकिल कार्यालयमा बुझाएको थियो। तर सरकारी वकिल कार्यालयले थप अनुसन्धान गर्न सुझावसहित उक्त प्रतिवेदन प्रहरीलाई नै फिर्ता पठाइदिएको थियो। फाइल फिर्ता आएको डेढ वर्षपछि पुनः सीआईबीले पक्राउ गरेर अनुसन्धान थालेको हो। सर्वोच्चमा परेको रिटको टुंगो लागेपछि सीआईबीले पक्राउ र अनुसन्धानलाई तीव्रता दिने तयारी गरेको छ।




# कांग्रेस-एमाले समीकरणका लागि सघन संवादमा दोस्रो तहका नेता



**खबर दर्पण समाचारदाता**

**असार १६ गते, काठमाडौं**
सरकारलाई समर्थन गरिरहेको प्रमुख दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा स्वास्थ्य परीक्षणका लागि सिंगापुर रहेको समयमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चार कम्युनिष्ट दल मिलाएर 'समाजवादी मोर्चा'को घोषणा गरे। प्रचण्डले सत्ता साझेदार दलहरु नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र पूर्वमाओवादी नेता नेत्रविक्रम चन्दले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी मिलाएर समाजवादी मोर्चा घोषणा गरेका हुन्।

प्रचण्डले समाजवादी मोर्चा घोषणा गरे पनि मोर्चामै आबद्ध दलहरुले सरकारले ल्याएको बजेट यथास्थितिमा पारित हुन नदिने बताइरहेका छन्। आज बिहीबार मात्रै माधवकुमार नेपालले नेतृत्व गरेको नेकपा एसको संसदीय दलको बैठकले यथास्थितिमा बजेट पारित हुन नदिने निर्णय गऱ्यो। बजेट परिमार्जन गरी सन्तुलित बनाएर मात्रै पारित गर्नुपर्नेमा आफ्नो पार्टीले जोड दिएको संसदीय दलका उपनेता राजेन्द्र पाण्डेले जानकारी दिएका छन्।

यसअघि नेकपा एसका अध्यक्ष नेपालले र संसदीय दलका उपनेता राजेन्द्र पाण्डेले बजेट नसच्याए सरकार ढल्नु सक्ने चेतावनी दिएका थिए। त्यसैगरी अर्को सत्ता साझेदार दल जनता समाजवादी पार्टीले पनि बजेट नसच्याएसम्म कुनै पनि हालतमा पारित हुन नदिने चेतावनी दिएको छ। जसपा अध्यक्ष उपेन्द्र यादवले बिहीबार पत्रकार सम्मेलन गरी बजेटमा सुधारको जरुरी रहेको बताएका छन्। उनले बजेट न्यायोचित नभएको अवस्थामा सरकार नै तलमाथि हुन सक्नुने पनि बताएका छन्।

समाजवादी मोर्चामा आबद्ध दलका नेताहरुले नै सरकार ढल्न सक्नुरे चेतावनी दिइरहेको समयमा सरकारलाई समर्थन गरिरहेको जनमत पार्टीले पनि बजेटप्रति असन्तुष्टि जनाएको छ। जनमत पार्टीका अध्यक्ष सिके राउतले बजेट संशोधन नभएको अवस्थामा सरकारलाई दिएको समर्थन फिर्ता लिने चेतावनी दिएका छन्। मधेशमा अझै औपनिवेशिक शासन लाद्न खोजिएकोले बजेट संशोधन आवश्यक रहेको भन्दै उनले समर्थन फिर्ता लिन सक्ने चेतावनी दिएका हुन्।

यसरी प्रचण्डकै सारथीको रुपमा उभिएका नेकपा एस र जसपासहित सरकारलाई समर्थन गरिरहेको जनमतले नै सरकार ढल्नुने चेतावनी दिइरहेको समयमा संसद्मा प्रमुख प्रतिपक्षी नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि सरकारप्रति आक्रोश व्यक्त गरिरहेका छन्। यस्तो समयमा नेपाली कांग्रेस भने 'पर्ख र हेर' को रणनीति अवलम्बन गरिरहेको छ।

यसबीचमा नेपाली कांग्रेसका दोस्रो तहका नेताहरुले नेकपा एमालेका नेताहरुसँगको संवादलाई सघन बनाएका छन्।

एमालेले बारम्बार सार्वजनिक रुपमा नै धेरै साना दलको समीकरण बन्दा मुलुकमा स्थिरता नहुने बताइरहेको छ। यही मेसोमा उसले अहिले कांग्रेससँगको संवादलाई सघन बनाएको देखिन्छ। प्रचण्डले गत पुस १० मा बनेको समीकरण भत्काएपछि सत्ताबाहिर रहन बाध्य भएको एमालेले कांग्रेससँग मिलेर दुई ठूला दलको सहभागितामा सरकार बनाउन पहल गरिरहेको छ। यता समाजवादी मोर्चा गठनबाट कांग्रेस पनि सशंकित भएकै छ। प्रचण्डले जुनसुकै समयमा पनि धोका दिन सक्ने कांग्रेस नेताहरुको विश्लेषण छ।

कांग्रेस नेताहरुसँग संवादमा रहेका एमालेका नेताहरुले ठूलो दल कांग्रेस भएका कारण सरकारको नेतृत्व कांग्रेसबाटै गर्दा प्राकृतिक हुने बताइरहेका छन्। साना दलहरुले हरेक विषयमा मोलमोलाइ गर्दा र राष्ट्रिय मुद्दाहरु ओझेलमा पर्ने र सरकारले प्रभावकारी काम गर्न नसक्नुने भएकोले पनि मुलुकका पुराना र दुई ठूला दलहरुले सरकार बनाउँदा स्वाभाविक हुने नेकपा एमालेका एक नेताले बताए।

एमालेसँग संवादमा रहेका कांग्रेसका नेताहरु सभापति देउवाको 'ग्रिन सिग्नल' कुरिरहेको बताइएको छ। एमालेका एक नेताले कांग्रेस सभापति देउवा स्वदेश फर्किएपछि यसबारे ठोस ढंगले छलफल गर्ने र चाँडै नतिजा दिने गरी काम भइरहेको बताएका छन्। कांग्रेसका महामन्त्री गगन थापाले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग भेटसमेत गरिसकेका छन्। एमालेले पनि कांग्रेसका संस्थापन र इतर दुवै समूहसँग निरन्तर संवाद गरिरहेको छ।

एमालेका नेताहरुले सरकारको समीकरण परिवर्तनका विषयमा कांग्रेस नेता शेखर कोइराला, महामन्त्री गगन थापा र नेता ज्ञानेन्द्रबहादुर कार्कीसँग विभिन्न चरणमा छलफल गरिसकेका छन्। छलफलका क्रममा कांग्रेस नेताहरुले पार्टीले आन्तरिक छलफल गर्ने र यसमा सभापति देउवाको 'मुड' निर्णायक हुने बताइरहेका छन्। गत पुस १० गते बालुवाटारमा कुराएर नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली नगएपछि आफूलाई धोका दिएको सभापति देउवाले महसुस गरेको र एमालेले कांग्रेसको मुड परीक्षण गरिरहेको हो कि भन्नुने आशंका पनि रहेको छ।

यस विषयमा पनि छलफल भइरहेको र देउवा फर्किएपछि शीर्ष तहमा नै संवाद गराउने वातावरण भने सिर्जना भइ नसकेको संवादमा सक्रिय एक नेताले जानकारी दिए। पुस १० गते एमालेले गल्ती गरेको विषयमा पनि अध्यक्ष ओलीले स्वीकार गरिसकेको नेताहरुले कांग्रेससँगको छलफलमा बताउने गरेका छन्।

सरकारमा आफ्नो पक्षमा समर्थन कम हुन सक्नुरे भन्दै थोरै भए पनि संख्या देखाउनका लागि माओवादी अध्यक्ष प्रचण्डले समाजवादी मोर्चा बनाए पनि कांग्रेसले पनि यसलाई प्रचण्डको 'बार्गेनिङ टुल'को रुपमा लिएको छ। यद्यपि सार्वजनिक मञ्चहरुमा भने प्रधानमन्त्री प्रचण्डले समाजवादी मोर्चा बनाउने कुरामा कांग्रेसका नेताहरूको पनि सहमति रहेको बताउने गरेका छन्।

प्रधानमन्त्री प्रचण्डले आन्तरिक छलफल र कार्यकर्ता भेटघाटमा सरकार नढल्नुने भन्दै आश्वस्त पार्ने गरेको हालै प्रचण्डलाई भेटेका एक माओवादी नेताले जानकारी दिए। उनले भने, 'प्रधानमन्त्रीज्यूसँग कुरा हुँदा उहाँले सरकार अहिले नढल्नुने र त्यस्तो स्थिति आउँदा सामना गर्ने बताउनु भएको छ। उहाँले आफूलाई घेराबन्दी पार्ने प्रयास भइरहेको समेत बताउनु भएको छ।'

# 'महिलाहरूलाई सबल र सशक्त बनाउन उत्पादनसँग जोड्न जरुरी'




**अजयकुमार झा**

**असार १६ गते, जनकपुर**

मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री सुनिता कुमारी यादवले आर्थिक तथा सामाजिक अवस्थामा सुधार गर्न महिलाहरूलाई उत्पादनसँग जोड्न आवश्यक भएको बताउनुभएको छ ।

नेपाल सरकारको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र काठमाडौंले जनकपुरधाममा आयोजना गरेको निकासीयोग्य वस्तुको उत्पादनका लागि क्षमता वृद्धिका साथै ब्राण्डिङ्ग, प्रशोधन, प्याकेजिङ्ग एवं गुणस्तर नियन्त्रण सम्बन्धी प्रशिक्षणमा सहभागी महिलाहरूलाई प्रमाणपत्र वितरण गर्दै सो कुरा बताउनुभएको हो ।

उहाँले महिलाहरूलाई आर्थिक रुपमा सबल बनाउनका लागि मिथिलाका महिलाहरूले घर घरमा उत्पादन हुने अदौरी, दनौरी, तिलौरी, चरौरी, कुम्हरौडी, अरिकोच जस्ता खाद्यान्नको परिकारहरूको वैज्ञानिक उत्पादन तथा प्रशोधनका साथै बजारीकरण हुन आवश्यक भएको बताउनुभयो ।

माओवादी केन्द्रका नेतृ समेत र हनुभएका मन्त्री यादवले सीपलाई उद्योगसँग जोड्न सके मधेशका महिलाहरूमा रहेको पछौटेपनाको समस्याको अन्त्य हुनुका साथै आत्मनिर्भर बनाइ महिलामाथि हुने हिंसामा कमी ल्याउन सकिने बताउनुभयो ।

पाँच दिनसम्म चलेको प्रशिक्षणको संयोजन गर्नुभएका इन्जिनियर प्रकाश झाको अध्यक्षतामा भएको थियो । कार्यक्रममा प्रशिक्षार्थी अर्पणा देवी मिश्रले सिकेका ज्ञानलाई कार्यरुपमा उतार्न र उत्पादनलाई व्यावसायिक बनाउन मेसिन तथा प्रविधि आवश्यक भएको बताउनुभयो ।

# धनुषाका एसपी र डिएसपीविरुद्ध...

गुहार्नु, सुचना माग गर्नु, उजुरी र निवेदन दिनु जस्ता सामान्य प्रयत्न जो कोहीले कानुनी अधिकारको प्रयोग गर्दा उल्टै पीडित परिवारलाई निर्ममतापूर्वक यातना दिएर प्रहरीले कसुर गरेकोले कानुन बमोजिम कार बाहीको माग दावी जाहेरीमा गरिएको छ ।

यता धनुषा प्रहरीले आरतीका माइतपक्षले आफूहरुमाथि कुटपिट तथा दुर्व्यवहार गरी पीडित बनाएको दावी गरेको छ । सत्यतथ्य अनुसन्धान गरी मुद्दा दाय गर्दा नै आरतीको पति र ससुरा पुर्पक्षका लागि जेल चलान भएको एसपी खड्काको तर्क छ ।

उनले आरतीको माइत पक्षले नाटकीय ढंगबाट दबाब सृजना गर्दा आफूहरु अन्यायमा अन्यामा परेके बताए । उनका अनुसार जेठ ३२ गते बयानको क्रममा मोबाइलबाट फोटो भिडियो लिख खोजेको र नलिन आग्रह गर्दा उनीहरुले नमानेपछि रोक्ने प्रयास गर्दा प्रहरीमाथि कुटपिट तथा ज्यादती गरेको तर्क एसपी खड्काको छ । जुन घटनामा आफ्ना ६ जनाप्रहरीमाथि आरतीको परिवारले कुटपिट तथा दुर्व्यवहार र कार्यालयमा तोडफोड जस्ता उच्छृंखल गतिविधि गरेको दावी छ । प्रहरी इन्सपेक्टर दिनेश अधिकारी, नवराज खड्का र विक्रम साह, सई जय प्रकाश यादव, प्रहरी सहायक हवल्दार सुस्मिता राई, महिला प्रहरी गोमा थापा, डिएसपी गौतमका सुरक्षागार्ड हनुमान राई माथि हातपात तथा दुर्व्यवहार भएको खड्काले बताए । उनले कुनै प्रहर ीले उनीहरुमाथि कुटपिट नगरेको, महिलामाथि पुरुष प्रहरी जिउमा समेत नछोएको दावी गरे ।

आरतीको श्रीमान जनकपुरधाम उपमहानगरपालिका-९ थापाचोकका मोतीबाबु साह र ससुरा मदन मोहन व्याहुत अहिले पुर्पक्षका लागि थुनामा छन् । गत असार ५ गते मृतक धनुषा जिल्ला अदालत धनुषाले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो ।


सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नदी सफा राख्नु सबैको दायित्व हो । नदीको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नदीको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नदी क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नदी क्षेत्रमा भौतिक निर्माण नगरौं । नदी फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नदीको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

कमला नदी नियन्त्रण आयोजना

पोर्ताहा,धनुषा


# मखान खेती गर्ने कृषकलाई सामाग्री प्रदान



**खबर दर्पण समाचारदाता**

**असार १६ गते, महोत्तरी**

महोत्तरी जिल्लाको मटिहानी नगर पालिकाको मखान खेती गर्ने कृषकलाई मटिहानी नगर पालिकाका नगर प्रमुख हरि प्रसाद मंडलले मखानको बाजारीकरणमा सहयोग पुग्ने सामाग्री बितरण गर्नु भएकोछ ।

मटिहानी नगरपालिका वडा ७ का मखान खेती गर्ने सहनी (मल्लाह) जातिका कृषकहरुलाई बोरा,हाते झोला,त्रिपाल,बोरा सिलाउने मसिन लगायतका सामाग्रीहरु आज एक कार्यक्रम बीच वितरण गर्नुभयो ।सो अवसरमा प्रमुख मंडलले स्थानीय मखान खेतिलाई प्रोत्साहित सहित प्रचार प्रसार गर्ने उद्देश्यले सामग्री बितरण गरिएको भन्नुभयो ।

महोत्तरी जिल्लामा सब भन्दा बढी मटिहानीमा मखान खेती गरिन्छ । मटिहानीका करीब ३० वटा पोखरीमा मखान खेती गर्ने गरिएको छ ।मखान खेती खास गरी मल्लाह जातिले गर्ने गरेका छन । मखान नगदे बालिको रुपमा समेत रहेको छ ।मखान खेतीबात राम्रो आम्दानी आउन थालेपछि मल्लाह सहित मुस्लिम जाती समेत सो कार्यमा संलग्न रहेका छन ।मखान विशेष गरी दीपावली , कोजाग्रा पूर्णिमा प्रयोग हुने गरेको छ । मखानको हिन्दु धर्ममा विशेष महत्व रहेको छ ।हाल मखान खेती र व्यवसायमा सहनी र मुस्लिम जातिका करीब १ सय मटिहानीका परिवारहरु संलग्न रहेको कुरा कृषि शाखा प्रमुख टंक प्रसाद उपाध्यायले बताउनुभयो ।

उक्त सामाग्री बितरण कार्यक्रममा मटिहानी नगरपालिका वडा ६,७, र ८ का वडा अध्यक्षहरु कलीम अंसारी, जितनारायन माझी र रितेश साह,राजाराम सहनी पवन सहनी मुसाफिर सहनी लगायतका मखान खेती गर्ने कृषकहरुको उपस्थिति रहेको थियो ।

# सोनमा गाउँपालिकाले ल्यायो ४५ करोड ७९ लाख ६ हजारको बजेट

**खबर दर्पण समाचारदाता**

**असार १६ गते, महोत्तरी**

महोत्तरीको सोनमा गाउँपालिकाले सातौं गाउँसभाबाट आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ ।

गाउँपालिकाको अध्यक्ष विशेश्वर यादवले सातौं गाउँसभाबाट समुन्नत , समृद्ध र सभ्य सोनमा गाउँपालिकाको नारा सहित आ.व. २०८०/०८१ को ४५ करोड ७९ लाख ६ हजार बजेट प्रस्तुत गरेका छन् ।

अध्यक्ष यादवले प्रस्तुत गरेका बजेटमा आम्दानी तर्फ आन्तरिक श्रोतबाट २० लाख , वित्तीय समानीकरण अनुदान ( संघीय सरकार ) बाट ११ करोड २० लाख , राजस्व बाँडफाँड ( संघीय सरकार ) बाट १० करोड ५ लाख ४३ हजार , वित्तीय समानीकरण अनुदान ( प्रदेश सरकार ) बाट ८२ लाख ५३ हजार ,सशर्त अनुदान ( संघीय सरकार ) बाट १५ करोड ५५ लाख , सम्पुरक अनुदान (संघीय सरकार ) बाट ७५ लाख , विशेष अनुदान ( संघीय सरकार ) बाट ७० लाख ,राजस्व बाँडफाँड ( प्रदेश सरकार ) बाट ४० लाख , सम्पुरक अनुदान ( प्रदेश सरकार ) बाट २० लाख , विशेष अनुदान( प्रदेश सरकार )बाट ३० लाख , सडक बोर्डबाट ३० लाख र मालपोत रजिस्ट्रेशनबाट १० लाख प्राप्त हुने अनुमान गरिएको छ ।



यस्तै आ.व. २०७९/०८० बाट ३ करोड ५० लाख गरि जम्मा रू ४५ करोड ७९ लाख ६ हजार र कम बिनियोजन गरिएको छ ।

कृषि क्षेत्रमा प्रभावकारी आन्तरिक र बाह्य लगानी आकर्षित एवं परिचालन गरि गाउँपालिकाको एकीकृत कृषि विकासमा जोड दिइने , विद्यालयहरूको आधुनिकीकरण , प्रविधि मैत्री अनुगमन , गुणस्तरीय शिक्षा प्रदान गर्ने र ऐतिहासिक , पौराणिक र धार्मिक महत्व बोकेको गाउँपालिका क्षेत्रको पर्यटनको विकास मार्फत रोजगारी सिर्जना गरि गाउँपालिकालाई घुमफिरका लागि नमुनाका रूपमा विकास गर्ने लगायतका उदेश्य सहित कार्यक्रमा ल्याइएको छ ।

शिक्षा गुरुयोजनाको कार्यन्वयन तथा शिक्षा क्षेत्रको समग्र विकास निम्ति समुदायिक विद्यालयहरूको आधुनिकीकरण , प्रविधि मैत्री तथा गुणस्तरीय शिक्षाको लागि वातावरण तयार गर्ने , कृषि गुरुयोजनाको कार्यन्वयनको माध्यमबाट कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्ने , सभ्य समाज र विधिमा संचालन हुने संगठन निर्माण , विपद व्यवस्थापन र संक्रामक रोग नियन्त्रण , दिगो तथा बहुउपयोगी भौतिक पुर्वाधार निर्माण लगायतका प्राथमिकताहरू बजेटमा समावेश गरिएको छ ।

महोत्तरी क्षेत्र न.४ का प्रतिनिधि सभा सदस्य महेन्द्र यादवको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त गाँउसभा गाउँपालिका उपाध्यक्ष जहिदा खातुनको स्वागत मन्तव्यबाट सुरु भएको थियो ।

त्यस्तै कार्यक्रमको संयोजन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सन्तोष कुमार मिश्रले गरेका थिए भने व्यवस्थापन लेखा प्रमुख सागर यादव र शिक्षा स-संयोजक धर्मेन्द्र यादवले गरेका थिए ।

बीओपी रघुनाथपुरको सस्त्र प्रहरीका डिएसपी मोहन केसी , नेपाल प्रहरी , कार्यपालिका सदस्य , गाउँका भद्रभलादमी , कर्मचारी , संचारकर्मी र सर्व साधारणको उपस्थिति रहेको थियो ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कम्प्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा